नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
मंगलसेन,अछाम

☎ : ०९७–६२०१३७
०९७–६२०३२७
Email : daoachham11@gmail.com

पत्र संख्या :२०८१/०८२
च.नं. :

मितिः २०८१।०८।१०
ने.सं. ११४५ कछलागा, १० सोमबार

## राहदानी सेवा अवरुद्ध सम्बन्धी सूचना

राहदानी तथ्याङ्क व्यवस्थापन (**Data Management**) मा समस्या आएको कारण राहदानी विभागबाट अर्को सूचना प्राप्त नहुन्जेल सम्मका लागि जिल्ला प्रशासन कार्यालय अछामबाट दिइदै आएको राहदानी सेवा सम्बन्धी सम्पूर्ण सेवाहरू बन्द गर्नुपरेको व्यहोरा अनुरोध गर्दछौं।

**नोटः** सेवाग्राहीमा पर्न गएको असुविधा प्रति जिल्ला प्रशासन कार्यालय क्षमाप्रार्थी छ।

जिल्ला प्रशासन कार्यालय
अछाम

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
राहदानी विभाग
त्रिपुरेश्वर, काठमाण्डौ

# सूचना

## (अद्यावधि)

राहदानी आवेदन प्रणालीअवरुद्ध भएको सम्न्धमा निम्नअनुसारको विवरण अध्यावधिक गरिएको छ।

१. राहदानी आवेदन प्रणालीसँग सम्बन्धित केही कम्प्युटरहरूमा भाइरस प्रवेश गरेको प्रारम्भिक निष्कर्ष निकालिएको र यसको फैलावट रोक्न पर्याप्त सतर्कता अपनाउनु पर्ने भएकोले जिल्ला/ईलाका प्रशासन कार्यालय तथा विदेशस्थित नियोगहरूको राहदानी सेवा बन्द गर्नु परेको छ। उक्त स्थानहरूमा सेवा क्रमशः कार्य प्रारम्भ हुँदै जाने गरी व्यवस्था मिलाइएको र पूर्ण रूपमा कार्य प्रारम्भ हुन १-२ हप्तासम्म लाग्न सक्ने देखिएको छ।

२. राहदानी विभागबाट आंशिक रूपमा सेवा प्रारम्भ गरिएको, यस अघि नै फाराम भर्ने सेवा ग्राहीहरूलाई सेवा प्रदान सुरु गरि सकिएको र १-२ दिन भित्रमा नयाँ आवेदन फाराम भर्नका लागि वुकिङ्ग खुला गरिने छ।

३. भाईरस देखा परे पछि सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखी पर्याप्त सतर्कता अपनाईएको तथा आवेदकको तथ्याङ्क पूर्ण सुरक्षित रहेको बेहोरा अनुरोध गर्दै धैर्यता अपनाउनका लागि विभाग अनुरोध गर्दछ।

४. अत्यावश्यक पर्ने सेवाग्राहीहरूका लागि विभागबाट क्रमशः सेवा उपलब्ध गराउन सुरु भैसकेको बेहोरा समेत जानकारीका लागि अनुरोध छ।

५. आ-आफ्नो जिल्ला/ईलाका प्रशासन कार्यालय वा विदेशस्थित नेपाली नियोगमा आवेदन दिने सम्बन्धी अध्यावधिक जानकारीका लागि तत् तत् निकायमा सम्पर्क गर्नुहुन समेत सूचित गरिन्छ । साथै विभागको टेलिफोन नं +९७७-१-५४७०३३०/३३१/३३२ मा सम्पर्क गरी थप जानकारी लिन सकिने छ।

साथैः सेवाग्राहीलाई पर्नजाने असुविधा प्रति विभाग संवेदनशील रहेको र यथाशीघ्र समस्या समाधानका लागि आवश्यक सम्पूर्ण कार्यहरू गरिरहेको बेहोरा सादर अनुरोध गर्दै सेवाग्राहीमा पर्न गएको असुविधा प्रति विभाग क्षमाप्रार्थी छ।